भेरी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : २ संख्या : ८ बैशाख ३०, २०७५

## भाग-२

भेरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालयको
सूचना

## आर्थिक सहायता सम्वन्धी निर्देशिका, २०७५

प्रस्तावना :

प्राकृतिक तथा गैर प्राकृतिक विपद्बाट भेरी नगरपालिकाका नागरिकहरु, पदाधिकारीहरु, कार्यरत कर्मचारीहरुको जीउ ज्यान तथा जायजेथामा हुन गएको अपुरणीय क्षतिलाई संविधान प्रदत संरचना तथा राज्य शक्तिको प्रयोग गर्ने जनप्रतिनिधिमूलक यस तहले मानवोचित व्यवहार तथा मौलिक हकको प्रत्याभूति गराउन राहत एवं क्षतिपूर्तिको व्यवस्था गर्न, प्रचलित कानून तथा यस तहलाई प्रदत्त अधिकार सूचीमा निहित अधिकारहरुको व्यवहारिक अभ्यास गर्न विपन्न, असहाय, अपांग र घातक रोग पीडितलाई

आर्थिक सहायता प्रदान गर्न तथा सो कार्यलाई मितव्ययी, पारदर्शी, नियमित र न्यायोचित वनाउन, अधिकार प्राप्ती निकाय तथा व्यक्तिबाट निर्णय भई आएको अनुदान वितरणलाई सुव्यवस्थित गर्न, नागरिक, पदाधिकारी तथा कर्मचारीहरुलाई प्रदान गरिने सेवा सुविधालाई विधि सम्मत तुल्याउन वाञ्छनीय भएकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी बनेको भेरी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७४ को दफा ४ अनुसार नगर कार्यपालिकाबाट भेरी नगरपालिकाको आर्थिक सहायता सम्बन्धी निर्देशिका, २०७५ स्वीकृत गरी लागू गरिएको छ ।

१. संक्षिप्तक नाम र प्रारम्भ:

क) नाम : यो नियमावलीको नाम ''आर्थिक सहायता सम्बन्धी निर्देशिका, २०७५'' हुनेछ ।

ख) यो निर्देशिका राजपत्रमा प्रकाशन भएपछि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा:

क) ''नगरपालिका'' भन्नाले संविधान र ऐन बमोजिम स्थापना भएको नगरपालिका सम्झनु पर्दछ ।

ख) ''नगर कार्यपालिका'' भन्नाले भेरी नगरपालिकाको कार्यकारी अंग सम्झनु पर्दछ ।

ग) ''कोष'' भन्नाले नगरपालिकाको आर्थिक सहायता कोष भन्ने सम्झनुपर्दछ ।

घ) ''आर्थिक सहायता'' भन्नाले नगरपालिकामा स्थायी वसोवास गर्ने नेपाली नागरिक, निजमा आश्रित परिवारका सदस्यहरु, निर्वाचित पदाधिकारीहरु, तथा नगरपालिकामा कार्यरत कर्मचारीलाई प्रदान गरिने आर्थिक सहायता (नगद तथा जिन्सी) सम्झनु पर्दछ ।

ङ) ''ऐन'' भन्नाले भेरी नगरपालिकाको विनियोजन ऐन सम्झनुपर्दछ ।

च) ''समिति'' भन्नाले आर्थिक सहायता कोषको सञ्चालक समिति सम्झनुपर्दछ ।

छ) ''पदाधिकारी'' भन्नाले नगरपालिकाका निर्वाचित नगर प्रमुख, उप प्रमुख, वडाध्यक्ष, महिला सदस्य, दलित महिला सदस्य र वडा सदस्य एवं नगर कार्यपालिका सदस्य समेतलाई सम्झनु पर्दछ ।

ज) ''कर्मचारी'' भन्नाले नगरपालिका अन्तरगतका नगर कार्यपालिकाको कार्यालय, शाखा, उपशाखा तथा विभिन्न कार्यालयहरु, सेवा केन्द्र, वडा कार्यालयहरुमा कार्यरत स्थायी, अस्थायी, करार तथा ज्यालादारी कर्मचारी सम्झनुपर्दछ ।

झ) ''नागरिक'' भन्नाले भेरी नगरपालिकामा स्थायी बसोबास भएका नेपाली नागरिक सम्झनुपर्दछ । यस निर्देशिका प्रयोजनका लागि सो शब्दले निज नागरिकका आश्रित परिवारका सदस्यहरु एवं नगरपालिकाको क्षेत्र भित्र फेला परेका स्थायी ठेगाना पत्ता नलागेका व्यक्तिहरुलाई समेत जनाउँछ ।

ञ) गैर प्राकृतिक विपद्हरु भन्नाले महामारी, अनिकाल, कीट वा सुक्ष्म जिवाणु आतंक, पशु तथा चरा चुरुङगीमा हुने फ्लू, सर्पदंश, हवाई, सडक, जल, औद्योगिक दुर्घटना डढेलो, आगलागी, विषाक्त ग्याँस, रसायन ग्याँस वा विकिरण चुहावट ग्याँस विस्फोटन विषाक्त खाद्य सेवन भौतिक संरचनाको क्षति वातावरण प्रदुषण वन विनाश घातक रोगबाट संक्रमण अङग भङगता, जायजेथामा गम्भीर क्षति तथा चरम गरिवी समेतलाई सम्झनु पर्दछ ।

ट) लाभग्राही समूह प्रत्यक्ष लाभ प्राप्त गर्ने व्यक्तिहरुको समूहलाई जनाउने छ ।

३. कोषको उद्देश्य:

यस कोषको उद्देश्य नगरपालिकाका नागरिक, पदाधिकारीहरु तथा कार्यरत कर्मचारीहरुको संविधान प्रदत मौलिक हक तथा मानवोचित जीवनयापन प्रत्याभूति गर्न सघाउ पुऱ्याउनु तथा तत्कालीन राहतको व्यवस्था गरी लोक कल्याणकारी राज्यको सामाजिक न्याय र सामाजिक सुरक्षाको दायित्व

निर्वाह गर्नु रहेको छ ।

४. कोषमा जम्मा हुने रकमः

क. भेरी नगरपालिकाको विनियोजन ऐनद्धारा विनियोजित रकम,

ख. नगर सभा नगर कार्यपालिकाको वैठकबाट आर्थिक सहायता कोषमा विनियोजित रकम,

ग. आर्थिक सहायताका लागि नेपाल सरकार, प्रदेश सरकार वा अन्य संघ संस्था एवं दातृ निकायबाट प्राप्त हुने रकम ।

घ. कार्यपालिकाकाको निर्णय वमोजिम साविकका सरकारी तथा गैर सरकारी क्षेत्रका यस्तै प्रकृतिका कोषबाट राहत कोषमा हस्तान्तरण गरिएको रकम,

ङ. अन्य कुनै श्रोतबाट प्राप्त हुने रकम ।

५. आर्थिक सहायता कोष सञ्चालक समितिः

यस कोषको सञ्चालक समिति देहाय बमोजिमको हुनेछः

| | | |
|---|---|---|
| क. | नगर प्रमुख | अध्यक्ष |
| ख. | प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ग. | चिकित्सक प्रतिनिधी | सदस्य |
| घ. | आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| ङ. | सामाजिक शाखा प्रमुख | सदस्य-सचिव |

६. सञ्चालक समितिको बैठकः

क. समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

ख. समितिमा अध्यक्ष सहित ३ जना उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिने छ ।

ग. समितिको बैठक बसेमा बढीमा महिनामा १ पटक रु. १५०० बैठक भत्ता प्रति सदस्य सोही कोषबाट खर्च गर्न सकिने छ ।

७. कोषको सञ्चालनः

क. कोषमा प्राप्त हुने रकम भेरी नगरपालिका आर्थिक सहायता कोषको नाममा स्थानीय बैंकमा खाता खोली सञ्चालन गरिने छ ।

ख. बैंक खाता आर्थिक प्रशासन शाखा प्रमुख र योजना शाखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन गरिने छ ।

८. कोषको उपयोग:

यस कोषमा जम्मा भएको रकम निम्नानुसारका क्षेत्रमा खर्च गर्न सकिने छ:

क. नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता औषधी उपचार खर्च समेत प्राकृतिक तथा गैर प्राकृतिक विपद्बातट नागरिक, पदाधिकारीहरु एवं कर्मचारीहरुको मृत्यू भएमा अनुसुची-१ बमोजिम निवेदन र अनुसूची-२ बमोजिमका कागजातहरु प्राप्त भएमा एकमुष्टी बढीमा रु. ५०,००० (पचास हजार रूपैयाँ) एक पटक राहत स्वरुप प्रदान गर्न सक्नेछ र अङग भङग भएमा वा घाईते भएमा वा सम्पति वा जायजेथामा क्षति पुगेमा, असाध्य अर्वुद रोग (Cancer), मृगौला (Kidney, Parkinson's and Alzheimer's, Head and Spinal Surgery and Cardio vascular disease-Heart), प्यारालाइसिस, बोनम्यारो रोगबाट पीडित भएमा मान्यता प्राप्त विशेषज्ञ चिकित्सकको Prescription, सम्वन्धित वडाको वडा अध्यक्षको सिफारिस, संलग्न नाता प्रमाणित प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र एवं जन्म दर्ता तथा विवाह दर्ताको प्रमाण पत्र संरक्षकको हकमा नेपाली नागरिकता तथा संरक्षक भएको वडा कार्यालयको सिफारिस, मृत्यू दर्ता प्रमाण पत्र, नावालकको हकमा संरक्षक समेतको आधारमा राहत क्षतिपूर्ति तथा आर्थिक सहायता स्वरुप एक मुष्ट बढीमा रु. ३०,०००। (तिस हजार) उपलब्ध गराउन सक्ने छ । साथै

ख. भेरी नगरपालिका भित्रमा कुनै वेवारिसे शव प्राप्त भएमा शव ढुवानी, Postmortem र दाह संस्कार गर्ने प्रयोजनका लागि सम्बन्धित वडा कार्यालयको सिफारिसमा रु. १०,०००। (दश हजार) सम्म सम्बन्धित वडा सचिवलाई पेश्की स्वरुप दिन सकिनेछ र सो रकमको ७ दिनभित्र पेश्की फछ्र्यौट

गर्नुपर्ने छ ।

ग. भेरी नगरपालिका क्षेत्र भित्र प्राकृतिक तथा गैर प्राकृतिक र सवारी दुर्घटना भई तत्काल उद्दार गर्नुपर्ने भएमा घाइते तथा बिरामीहरुलाई उपचार स्थलसम्म पुऱ्याउन एम्बुलेन्सका लागि नगरपालिकाले अधिकतम रु. २०,००० (बिस हजार) सम्म राहत उपलब्ध गराउन सक्नेछ ।

९. नजिकको हकदार:

आर्थिक सहायता लिन आउन नसक्ने अवस्था रहेमा निम्न बमोजिमका नजिकका हकदार मार्फत अनूसुची-२ बमोजिमको ढाँचामा निवेदन प्राप्त भएमा आर्थिक सहायता उपलव्ध गराउन सकिने छ ।

- पति वा पत्नि
- सगोलको छोरा
- छोरी
- छोरा वुहारी
- संगोलको दाजु भाई वा दिदी बहिनी
- धर्मपुत्र
- धर्मपुत्री
- छोरा र छोरा वुहारी दुवैको मृत्यु भैसकेको अवस्थामा निजहरुबाट जन्मेको नाति वा नातिनी
- संगोलको बाजे वा वज्यै र विवाहिता मृतक महिलाको हकमा संगोलको सासु वा ससुरा
- वडा कार्यालयको नाता प्रमाणित सहित सिफारिस गरिएको आधारमा नजिकका नातेदार मार्फत आर्थिक सहायता दिन सकिनेछ ।

तर उल्लेखित क्रमका कुनै हकदार पत्ता नलागेको अवस्थाका व्यक्तिलाई सम्वन्धित वडा अध्यक्षको सिफारिसमा आर्थिक सहायता दिन सकिने छ ।

१०. आर्थिक सहायताको लागि राहत कोष स्थापना र परिचालन:

क. आर्थिक सहायता उपलव्ध गराउन नगरपालिकाले आर्थिक सहायता कोष स्थापना एवं सञ्चालन गर्न पहिलो वर्ष रु. ८ लाख र अन्य वर्षमा न्युनतम ५ लाख रकम अनुदान स्वरुप

विनियोजन गर्नुपर्ने छ ।

ख. कुनै व्यक्तिलाई आर्थिक सहायता प्रदान गर्दा सञ्चालक समितिको निर्णय बेगर गर्न पाइने छैन ।

ग. आर्थिक सहायता प्राप्त गर्नका लागि आवश्यक पुष्ट्याईं कागजात पेश गर्नुपर्ने छ ।

घ. कोषमा मौज्दात रकमको अवस्था हेरेर मात्र आर्थिक सहायताको निर्णय गर्नुपर्ने छ ।

ङ. कोषमा २० प्रतिशत भन्दा कम रकम मौज्दात रहने गरी आर्थिक सहायता प्रदान गर्न पाइने छैन ।

च. कोषबाट गरिने आर्थिक सहायताको निर्णय सामान्यतया समितिको बहुमतबाट हुनेछ ।

छ. आर्थिक सहायता प्रति व्यक्ति एकपटक मात्र हुनेछ ।

११. आर्थिक सहायताको प्राथमिकता:

- अशक्त विरामी
- अपाङ्गता भएका व्यक्तिहरु
- जेष्ठ नागरिक
- राजनितिक आन्दोलनका क्रममा शहिद घाइते तथा वेपत्ता भएका व्यक्तिहरु
- विविध कारणवस विस्थापनमा परेका घरबार विहिन
- गैर प्राकृतिक विपत तथा विपतबाट पीडित व्यक्ति
- नगरपालिकाका पदाधिकारी तथा कर्मचारीहरुलाई घातक रोग लागि स्वास्थ्य उपचार गर्नु परेमा
- असहाय, अनाथ वालवालिका तथा व्यक्ति

१२. कोषको लेखा तथा लेखा परीक्षण:

क. यस कोषको लेखा संघीय नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाको स्वीकृत मापदण्ड तथा प्रकृया बमोजिम राख्नुपर्ने छ ।

ख. कोषको लेखा राख्ने र लेखा परीक्षण गराउने जिम्मेवारी

खाता सञ्चालक पदाधिकारीको हुनेछ ।

ग. नगरपालिकाको आन्तरिक लेखा परीक्षकले कोषको आन्तरिक लेखा परीक्षण गर्ने छ ।

घ. कोषको अन्तिम लेखा परीक्षण महालेख परीक्षकबाट गरिने छ ।

१३. निर्देशिकामा संशोधन:

सञ्चालक समितिको सिफारिसमा यस निर्देशिकामा प्रचलित कानूनको प्रतिकूल नहुने गरी नगर कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

१४. बाधा अड्काउ फुकाउने:

यस निर्देशिका अनुसार कोषको सञ्चालनमा कुनै बाधा अड्काउ आइपरेमा यसको बाधा अड्काउ फुकाउने अधिकार नगर कार्यपालिकामा रहने छ ।

१५. यसै बमोजिम भएको मानिने :

यो निर्देशिका कार्यान्वयन हुनुभन्दा अगाडी भएको आर्थिक सहायता तथा राहत वितरणका कामहरु यसै बमोजिम भएको मानिने छ ।

## अनुसूची-१
## आर्थिक सहायता माग गर्ने निवेदनको नमुना

श्री अध्यक्ष ज्यू,
आर्थिक सहायता कोष सञ्चालक समिति
भेरी नगरपालिका, जाजरकोट ।

विषय: आर्थिक सहायता पाउँ भन्ने बारे ।

महोदय,

मेरो ........................................................ भई सम्पति तथा जायजेथा र घर र घर जग्गा क्षति ग्रस्त भएको र सम्पति .............. जनाको मृत्यु र घाईते र बिरामी भएको हुँदा रु. ................................... आर्थिक सहायता पाउँ भनी यो निवेदन पेश गरेको छु ।

निवेदक
................................

अनुसूची-२

नजिकको हकदारले आर्थिक सहायतको लागि दिने निवेदनको
ढाँचा र आवश्यक कागजातहरु

मिति.........................

विषय: राहत क्षतिपूर्ति वा आर्थिक सहायता उपलब्ध गराइ पाउँ ।

श्री अध्यक्षज्यू
आर्थिक सहायता कोष सञ्चालक समिति
भेरी नगरपालिका जाजरकोट ।

निवेदन गर्नको कारण यो छ की मिति ................. मा भएको र भएका म मेरो वा देहायको व्यक्तिको म नजिकको हकदार भएकोले निम्न कागजातहरु संलग्न गरी नगरपालिकाद्वारा उपलब्ध गराउने राहत क्षतिपूर्ति आर्थिक सहायता अनुदान उपलब्ध गराई दिन यो निवेदन गर्दछु ।

संलग्न कागजातहरु

१. नेपाली नागरिकताको प्रमाण पत्र
२. जन्मदर्ता प्रमाण पत्र
३. नाता प्रमाणित प्रमाण पत्र र संरक्षक प्रमाणित
४. मृत्यू दर्ताको प्रमाण पत्र
५. प्रहरी मुचुल्का
६. वडा कार्यालयको सिफारिस
७. आवश्यक अन्य कागजातहरु

निवेदक
नाम
ठेगाना
दस्तखत

आज्ञाले,
तुलाराम गिरी
नि.प्रमुख प्रशासकीय अधिकृत